# पाष्टरहरु र अगुवाहरुको काम

Notes by Franklin

यशैया ५:१३ यसकारण **समझशक्तिको अभाव**ले गर्दा **मेरो प्रजा देशबाट निकालिनेछन्** (नाङ्गो, प्रवासमा लगिएका), तिनीहरुका आदरणीय मानिसहरु भोकले मर्नेछन्, अनि तिनीहरुका जनसमूह तिर्खाले सुक्नेछन् ।

होशे ४:६ **मेरा मानिसहरू ज्ञानको कमीले गर्दा नष्ट भएका छन्** (बहिरो भएको, असफल वा नष्ट भएको; नाश भएको) । तिमीहरूले ज्ञानलाई तिरष्कार गरेका हुनाले, म पनि तिमीहरूलाई मेरा पूजाहारीहरू हुन तिरष्कार गर्नेछु तिमीहरूले आ१ना परमेश्वरको आज्ञालाई वास्ता नगरेको हुनाले म पनि तिमीहरूका छोराछोरीहरूलाई वास् गर्ने छैन ।

- यो ध्यान दिनु पर्ने र हरेक पाष्टर, हरेक अगुवा, हरेक विश्वासीलाई यो कुराको अति नै वास्ता गर्नुपर्दछ । किनकि :

तर केही अचम्म छैन , किनकि शैतान आफैले पनि स्वर्गदूतको भेष लिएर आउछँ । (२ कोरन्थी ११:१४)
चोर त चोर्न, मार्न, र नाश पार्न मात्र आउँछ म त तिनीहरूले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भनेर आएँ । (यूहन्ना १०:१०)
संयमी र चनाखो होओ । तिमीहरूको शत्रु शैतान कसलाई भेट्टाऊँ र खाइहालूँ भनी गर्जने संहझैं यताउति घुमिहिँड्छ । (१ पत्रुस ५:८)

हामीलाई चेतावनि दिइएको छ : **शैतानलाई मौका नदेऊ** । (एफिसी ४:२७)
पापले शैतानलाई मौका मात्र दिदैन तर आधिकारिक अधिकार पनि दिदँछ । (लूका २२:३१–३२)

- हरेक पाष्टर, हरेक अगुवा, हरेक शिक्षकसँग आफुले सिकाएकाहरुप्रति कर्तब्य छ ।

याकूब ३:१ मेरा भाइ हो, तिमीहरूमध्ये धेरै जनाले आफूलाई शिक्षक नठान, किनकि **हामी सिकाउनेहरूको इन्साफ झन् कडांइसाथ गरिनेछ** ।

प्रेरित २०:२७–३२ किनकि **परमेश्वरको पूर्ण इच्छा** तपाईंहरूमा घोषणा गर्न म हिच्किचाइनँ । २८ तपाईंहरूलाई आफ्नै र **सम्पूर्ण बगालको जिम्मावाल पवित्र आत्माले** बनाउनुभएकोले सबैको हेरचाह गर्नुहोस् । परमेश्वरले आफ्न रगतले **मण्डलीलाई** किन्नुभएकोले त्यसको गोठालो हुनुहोस् । २९मलाई थाहा छ मैले छाडेर गएपछि, तपाईंहरूबीच **जङ्गली ब्वाँसाहरू पस्नेछन् र बगाललाई बाँकी राख्ने छैनन्** । ३०तपाईंहरूमध्येबाटै पनि **मानिसहरू उभिनेछन् र प्रभुका मार्गबाट चेलाहरूलाई फकाई आफ्नो पछि लगाउनका निम्ति सत्यलाई बङ्ग्याउनेछन् । ३१त्यसकारण आफ्नो रक्षा गर्नुहोस्** । सम्झनुहोस्, कसरी तीन वर्षसम्म रातदिन आफ्ना आँखाहरूबाट आँसु बगाउँदै यस कुराको तपाईंहरूलाई चेतावनी दिन म कहिल्यै थाकिनँ । ३२“अब परमेश्वरप्रति र उहाँको अनुग्रहको वचनप्रति म तपाईंहरूलाई सुम्पिदिन्छु । यसले तपाईंहरूलाई बलियो तुल्याउनेछ र पवित्र पारिएका सबैका सामु तपाईंहरूलाई उत्तराधिकार दिनसक्छ ।

१ पत्रुस ५:१–४ यसकारण, **तिमीहरूमध्येका धर्मगुरुलाई**, म पनि एक धर्मगुरुको रूपमा, जो ख्रीष्टको दुःखको साक्षी र जो प्रकट हुन लागेको महिमामा सहभागी हुनेछु, तिमीहरूलाई अनुरोध गर्दछुः तिमीहरूको हेरचाहामा भएका **परमेश्वरका** भेडाहरूको रखवालाको रूपमा सेवा गर्दै **गोठालो** होओ– तिमीहरूले गर्नैपर्छ भनेर होइन, तर परमेश्वरले चाहनुभएझैं तिमीहरूको इच्छाले पैसाको लोभले होइन तर तिमीहरूको उत्कट इच्छाले **तिमीहरूको जिम्मामा रहेकाहरू**माथि प्रभुत्व जमाएर होइन, तर **बगालको निम्ति नमूना भएर सेवाकायी गर** । ४अनि जब प्रधान गोठालो देखा पर्नुहुन्छ, तिमीहरूले कहिल्यै नओइलाउने महिमाको मुकुट पाउनेछौ । (प्रकाश ३:११ लाई हेर्नुहोस्)

यदि तपाई पढाउदै हुनुहुन्छ भने, शब्द र उदाहरणद्वारा, तपाईले परमप्रभुका मानिसहरुलाई अन्धकार र जो "चोर्ने र नाश गर्ने" बाट बचाउनुहुनेछ । (यूहन्ना १०:१०) र उनिहरुलाई परमप्रभुबाटको महिमित स्वतन्त्रता र आषिश्हरुमा डो्यायनुहुनेछ ।

यर्मिया २९:११–१४ किनकि जुन **योजनाहरू मैले तिमीहरूको निम्ति** बनाएको छु, ती
म जान्दछु, ती तिमीहरूका **उन्नतिको** निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्,
तिमीहरूलाई **आशा र भविष्य** दिनलाई हो” परमप्रभु घोषणा गर्नुहुन्छ । तब तिमीहरूले
मलाई **पुकार्नेछौ** अनि म तिमीहरूको कुरा सुन्नेछु । जब **तिमीहरूले मलाई आफ्नो**
**सम्पूर्ण हृदयले खोज्नेछौ**, तब **तिमीहरूले मलाई भेट्टाउनेछौ** ।” परमप्रभु घोषणा
गर्नुहुन्छ, “**म तिमीहरूद्वारा भेट्टाइनेछु** अनि तिमीहरूलाई कैदबाट फर्काइल्याउनेछु । म
तिमीहरूलाई मैले धपाएका सबै जातिहरू अनि ठाउँहरूबाट भेला गर्नेछु,” परमप्रभु
घोषणा गर्नुहुन्छ, “अनि जुन ठाउँबाट मैले तिमीहरूलाई देश–निष्काषन गरेर लगें, म
तिमीहरूलाई त्यही ठाउँमा फर्काएर ल्याउनेछु ।”

- हाम्रो स्वर्गिय पितासँग उहाँको प्रेत्यक सन्तानहरुको लागि उन्नतिको योजनाहरु छन् । हिब्रू शब्द “सालोम”–स्वास्थ, प्रगति, शान्ति ।

- र नोक्सानीको लागि होइन–कुनै पनि खराबीको होइन

- तपाईलाई **भविष्य** र **आशा** दिनलाई–तपाईलाई लामो आषिशित् जीवन अनन्तसम्म दिनको लागि । जब तपाई यो महसुस गर्नुहुन्छ, तब...

१२ तब तिमीहरूले मलाई **पुकार्नेछौ** अनि म तिमीहरूको कुरा सुन्नेछु ।

१३ जब **तिमीहरूले मलाई आफ्नो सम्पूर्ण हृदयले खोज्नेछौ**, तब **तिमीहरूले मलाई**
**भेट्टाउनेछौ** ।”

१४ परमप्रभु घोषणा गर्नुहुन्छ, “**म तिमीहरूद्वारा भेट्टाइनेछु** उहाँको प्रतिज्ञा !

हाम्रो लागि उहाँको योजनालाई जान्न, प्राप्त गर्न र आनन्द हुन, हामीले उहाँमा “हाम्रो सम्पूर्ण हृदय”ले प्रार्थना–हेर्नु–खोजी गर्नुपर्दछ ।

यो नै हरेक पाष्टरको, हरेक अगुवाको र हरेक शिक्षकको काम, उद्धेश्य, र उत्तरदायित्व हो– “उनीहरुले सम्पूर्ण हृदयले उहाँलाई खोज्नु” ।

यो उद्धेश्य र दायित्व चाहिँ हरेक अभिभावकको उनिहरुको सन्तानहरु प्रति छ ।

प्रश्न चाहिँ – **"उनीहरुले सम्पूर्ण हृदयले उहाँलाई खोज्नु"** लाई केले प्रेरणा गर्दछ ।

उत्तर यूहन्ना ३:१६ मा पाउनसक्छौं :

> किनकि परमेश्वरले संसारलाई यस्तो **प्रेम** गर्नुभयो, उहाँले आफ्ना एकमात्र पुत्र **दिनुभयो**, उहामाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् ।
>
> हामी प्रेम गर्दछौं, किनकि पहिले उहाँले हामीलाई प्रेम गर्नुभयो । १ यूहन्ना ४:१९

**प्रेरणा चाहिँ प्रेम हो ।** हाम्रो सबै सिकाइँ, तालिम र कामले **येशू ख्रीष्ट**लाई हाम्रो मानिसहरुले अति महान् **प्रेम** गर्न ल्याउनु नै पर्छ ।

प्रेम—> दिन्छ —> हामीले कसरी र के दिन्छौं त्यसद्वारा हाम्रो प्रेमको डिग्रीलाई देख्न सक्छौं !

हामी आफैं > हाम्रो समय >हाम्रो धन

किनकि जहाँ **तिमीहरूको धन** हुन्छ, त्यहीँ **तिमीहरूको मन पनि हुनेछ** ।
मत्ती ६:२१

परमप्रभुको हृदय उहाँको धनमा छ –> मानिसहरु !

**उहाँको धनको मुल्य चाहिँ उहाँले चुकाउनु भएको मुल्यबाट निंधारित हुन्छ ।** (प्रकाश ५:९)

लूका १९:१० किनकि म, मानव–पुत्र हराएकाहरूलाई खोज्न र उद्धार गर्न आएको हुँ । मानिसहरु !

प्रेमले खोजी–श्र खोजीको डिग्री चाहिँ हाम्रो प्रेमले निंधारण गर्दछ ।

जति धैरै तपाईले तपाईको मानिसहरुलाई प्रभु येशूलाई प्रेम गर्न ल्याउनुहुन्छ त्यति धैरै उनीहरुले उहाँलाई उनीहरुको सम्पूर्ण हृदयले खोजी गर्दछन् ।

---

एक महत्वपूर्ण कुरा :

- ❖ पाष्टरहरु र अगुवाहरु भएर हामीले यो जान्नु पर्छ कि प्रेमले मात्रै हामीलाई परमप्रभुको भेडाहरुको गोठालो बन्नलाई योग्य बनाउदँछ ।

यूहन्ना २१:१५–१७ तिनीहरूले भोजन गरिसकेपछि, येशूले सिमोन पत्रुसलाई भन्नुभयो, "ए यूहन्नाको छोरो सिमोन, यी अरूहरूभन्दा के तिमी मलाई बढ्ता प्रेम गर्छौ ?" पत्रुसले भने, "ज्यू प्रभु, म प्रेम गर्छु भन्ने कुरा तपाईं जान्नुहुन्छ ।" येशूले भन्नुभयो, "मेरा थुमाहरूलाई खुवाऊ ।" येशूले प्रश्न दोहो¥याउनभुयो, "ए यूहन्नाको छोरो सिमोन, के तिमी मलाई साँच्चै प्रेम गर्छौ ?" पत्रुसले भने, "हजुर प्रभु, म तपाईंलाई प्रेम गर्छु भन्ने कुरा तपाईं जान्नुहुन्छ ।" "मेरा भेडाहरूको राम्ररी हेरचाह गर," येशूले भन्नुभयो । उहाँले तेस्रोपल्ट तिनलाई भन्नुभयो, "ए यूहन्नाको छोरो सिमोन, के तिमी मलाई साँच्चै प्रेम गर्छौ ?" येशूले तेस्रोपल्ट "के तिमी मलाई प्रेम गर्दछौ ?" भनी सोध्नुभएकोमा पत्रुस दुःखित भए । उनले भने, "प्रभु, तपाईं सबै कुरा जान्नुहुन्छ । तपाईंलाई थाहा छ म तपाईंलाई प्रेम गर्छु ।" येशूले भन्नुभयो, "मेरा भेडाहरूलाई खुवाऊ ।

पाष्टर र शिक्षकलाई प्रेमले प्रेरित गर्नु नै पर्दछ ।

---

जति धेरै तपाईले तपाईको मानिसहरुलाई प्रभु येशूलाई प्रेम गर्न ल्याउनुहुन्छ त्यति धेरै उनीहरुले उहाँलाई उनीहरुको सम्पूर्ण हृदयले खोजी गर्दछन् ।

यहाँ एउटा राम्रो उदाहरण छ :

लूका ७:३६–५०: फारिसी र पापी

पदहरु ३६–३८ **उनले यो किन गरिन् ? उनले प्रभुलाई प्रेम गरिको थिइन् ।**

- उनले येशू परमेश्वरको पुत्र, मसिह, हुनुहुन्छ भनि विश्वास गरे ।
- उनलाई थाहा थियो कि उनी पापी थिइन् र क्षमाको आवश्यकता छ ।
- उनलाई थाहा थियो कि उनले गरेका **कामहरु र दिनुको** उहाँ योग्य हुनुहुन्थ्यो ।
- उनको प्रेमले उनलाई कामहरु गर्न प्रेरित गऱ्यो र उनलाई अन्धा बनायो :

(१) अरु मनिसहरुले उनको बारेमा के सोच्दछ भन्ने डर।

सिद्ध प्रेमले डरलाई भगाउदँछ  १ यूहन्ना ४:१८

र (२) रुपैया पैसा, भौतिक कुराहरु र भविष्यको आवश्यकतामा उनको प्रेम वा वास्ता ।

- उनले प्रेम गरे र एउटै कुराको खोजी गरे –

**प्रभु येशू ख्रीष्ट ।**

पदहरु ३९–४६

यो चाहिँ उल्टो छ : (१) कट्टर, धार्मिक हृदय र (२) प्रेमले भरिएको कृतज्ञ हृदय जसले आराधाना, समय र धनलाई दिदँछ ।

पदहरु ४७–५० .....उहाँले त्यस स्त्रीलाई भन्नुभयो, तिम्रो विश्वासले तिमीलाई बचाएको छ ।

उनको विश्वासले उनलाई येशूलाई प्रेम गर्न प्रेरित गरायो ।

विश्वास प्रेमद्धारा काम गर्दछ । गलाती ५:६ र याकूब २:२०,२६

- जति धेरै विश्वास बढ्दछ – त्यति धेरै प्रेम बढ्दछ
- हामी कति धेरै पापमय छौं भनि जान्दछौं, त्यति धेरै हामी धन्यबादि हुदछौं, र **येशू प्रतिको हाम्रो प्रेम बढ्दछ** ।
- विश्वास र काम एकैसाथ आउदँछ–जब प्रेमद्धारा प्रेरित हुदँछ । याकूब २:२०,२६

विशेष कुरा र धेरै महत्वपूर्ण र प्राथमिक कुरा चाहिँ –>
येशू प्रति हाम्रो प्रेम !

येशू प्रतिको प्रेमले पाष्टरको मानिसहरुसँगको सबै वास्ताहरु र समस्याहरुको वास्ता राख्दछ ।

र, येशू प्रतिको हाम्रो प्रेम चाहिँ निर्धारण गर्दछ :

(१) उहँको क्रूस र त्याहाँ पुऱ्याउने प्रेम र हाम्रो छुटकाराको निम्ति त्यहाँको कष्टहरुलाई थामिराख्ने उहाँको प्रेमलाई स्पष्टसगँ हामीलाई देखाउदँछ ।

(२) र स्पष्टसँग हामी हाम्रो पापलाई देख्दछौं ।

**येशू प्रतिको हाम्रो प्रेमको नापले र्निधारण गर्दछ :**

(१) हामीले कतिको स्पष्टसँग उहाँको क्रुस र उहाँको प्रेमलाई देख्न सकेका छौं र त्यो प्रेम जसले उहाँलाई त्यो ठाउँमा हाम्रो छुटकाराको लागि सहेर रहन सक्ने बनाएको थियो ।

(२) र हामीले कति स्पष्टसँग हाम्रा पापहरु देख्न सकेका छौं ।

**येशूको लागि हाम्रो प्रेमको नापले र्निधारण गर्दछ :**

१. हामी कतिको पश्चातापी छौं । (१ थेसलोनिकी १:९)
( हामी कतिको पापबाट फर्कन्छौं र येशूमा क्षमाको लागि आउदछौं)

२. अरुको अगाडि हामी कतिको सहासी छौं (उ एकदम सहासी छिन् ।)

३. हाम्रो आराधाना कतिको खर्चिलो छ (उनको आराधाना एकदमै खर्चिलो थियो ।)

४. **हामी कतिको उदारताले दिन्छौं** ।

हाम्रो प्रेमको मात्रा चाहिँ –> हाम्रो दियाइले देखाइन्छ ।

तपाईले धन्यबादि पापीलाई उनीहरुको आराधाना र उत्साहको वचनको दियाइले चिन्न सक्नुहुन्छ ।

अरुको लागि हाम्रो प्रेम र हाम्रो उत्साहको वचनको मात्रा वा डिग्री चाहिँ अरुको लागि हामी के गर्छौं भन्ने कुराको नाप वा देखाइ हो ।

प्रभु...र...हाम्रो श्रीमती वा श्रीमान्को लागि

मत्ती ७:२० तपाईले उनीहरुको फलहरुद्धारा थाहा पाउनुहुनेछ ।

.............................................................

जब हामीले मानिसहरुलाई यो बुझ्न् सहायता गर्छौं – उनीहरुलाई येशूले कतिको प्रेम गर्नुहुन्छ – उनीहरु कतिको मुल्यवान छन् – उनीहरुले प्रभुलाई खोज्नेछन् ।

१ यूहन्ना ४:१९ हामी प्रेम गर्दछौं, किनकि पहिले उहाँले हामीलाई प्रेम गर्नुभयो ।

तसर्थ प्रश्न चाहिँ : उहाँले हामीलाई कतिको प्रेम गर्नुहुन्छ ?

र उत्तर चाहिँ उत्तम तरिकाले यहाँ देख्न सक्दछौं र यसबाट हामीहरुले सिक्न सक्दछौं :

फिलिप्पी २:२–११

कलस्सी २:१३–१५

२ कोरन्थी ५:१८–२१

प्रकाश ५:९

यशैया ५३

पवित्र आत्माको अगुवाइमा उनीहरुलाई गहिराई देखी सिकाउनुहोस् ।

यतिको डिग्रीमा कि हामीले यो बुझ्न् सकोस् र यसले हाम्रो हृदयहरु र मनहरुलाई समात्न सकोस् , हामी प्रभुलाई प्रेम गर्न र खोज्न सकौं ।

२ कोरन्थी ५:१४–१५ **ख्रीष्टको प्रेमले हामीलाई विवष पार्दछ,** (हामीलाई समातोस् , हामीलाई बाध्य बनाओस्) **किनकि हामीलाई यो पक्का छ कि** (हामी पूर्णरुमा यो निर्कष्शमा आउनु पर्दछ) एक जना सबैको निम्ति मर्नुभएकोले नै सबै मरेका छन् । १५अनि उहाँ सबैको निम्ति मर्नुभएकोले, जति जना बाँचिरहेका छन् तिनीहरू आफ्नै लागि होइन तर तिनीहरूको लागि मर्नुहुने र फेरि पुनर्जीवित हुन हुनुको लागि बाँचून् ।

यहि नै चुनौति हो , हरेक पाष्टर र अगुवाको उद्धेश्य हो – येशूलाई प्रेम गर्न उनीहरुको मानिसहरुको हृदयहरु खोल्ने उनीहरुले जति सक्दो प्रयास गर्नु पर्दछ । यहि नै चेलाहरु बनाउनु हो ।

यर्मिया २९:१३ **जब तिमीहरूले मलाई आफ्नो सम्पूर्ण हृदयले खोज्नेछौ, तब तिमीहरूले मलाई भट्टे आउनेछौ ।"**
१४ परमप्रभु घोषणा गर्नुहुन्छ, **"म तिमीहरूद्वारा भेट्टाइनेछु अनि तिमीहरूलाई कैदबाट फर्काइल्याउनेछु । म तिमीहरूलाई मैले धपाएका सबै जातिहरू अनि ठाउाहरूबाट भेला गर्नेछु," परमप्रभु घोषणा गर्नुहुन्छ, "अनि जुन ठाउँबाट मैले तिमीहरूलाई देश– निष्काषन गरेर लगें, म तिमीहरूलाई त्यही ठाउँमा फर्काएर ल्याउनेछु ।"**

थोरै विश्वासीहरुले मात्र "परमप्रभुलाई आफ्नो सारा हृदयले खोज्दछन् । "

**किन?**

हामी पाष्टरहरु र शिक्षक वा शिक्षिकाहरु भएर मुख्य कुरा ध्यान दिइरहेका छैनौं

–> **प्रेम**

१ कोरन्थी १३: ८ प्रेम कहिल्यै टल्दनै । तर जहाँ अगमवाणी छन्, ती बन्द हुन्छन्ृ जहाँ भाषाहरू छन्, ती चूप गराइन्छन्ृ जहाँ ज्ञान छ, त्यो टलिजानेछ । १३ अनि अब यी तीन कुरा रहन्छन्ः विश्वास, आशा र प्रेम । तर **यी तीनमा प्रेम नै सर्वोत्तम हो** ।

बप्तिसमा दिने यूहन्नाको उदाहरण :

यूहन्ना १:३५ भोलिपल्ट पनि यूहन्ना उनका चेलाहरूमध्ये दुई जनासँग उभिरहेका थिए ।

पद १ **दुई चेलाहरु मात्र !** यूहन्नाले हजारौंलाई बप्तिसमा दिएका थिए (लूका ३:१०)

**किन दुई जना मात्र ???** **बाकिँ कहाँ थिए ???**

यि दुई चेलाहरु, उनीहरुको **पहिलो प्राथमिकता** चाहिँ येशू जो मसिह हुनुहुनथ्यो उहाँको बारेमा खोज्ने र थाहा पाउने इच्छा थियो ।

बिउ छर्नेको दृष्टान्तमा **किन त्यहाँ थैरै** थिए भनि येशूले हामीलाई बताउनु भएको छ : **मर्कूस ४:१९+**
बिउ = वचन र चार किसिमको मानिसहरु :

- सडकको **छेऊ** – शैतान आउदँछ र वचनलाई लिएर जादँछ
- **ढुङ्गेनी** ठाउँ – कष्ट वा सतावट र उनीहरु लड्दछन्
- **काढाँहरु** – संसारको **चिन्ताहरु, धन**को छल र **अन्य कुराहरु**को इच्छा (**आनन्दहरु** लूका ८:१४) वचनलाई न्याकदछ ।
- **असल माटो** – वचनलाई सुन्नु र स्वीकार्नु, **फल फलाउनु**, ३०,६० र १०० गुणा

**चिन्ताहरु** : वचनलाई न्याकदछ मत्ती ६:२५–३३ "यसैकारण म तिमीहरूलाई भन्दछु, आफ्नो प्राणको निम्ति तिमीहरू के खाऔंला वा पिऔंला अथवा आफ्नो शरीरको निम्ति के लगाऔंला भनी **फिक्री नगर** । के भोजनभन्दा प्राण बढी महत्वपूर्ण अनि वस्त्रभन्दा शरीर बढी महत्वपूर्ण होइन र ? (२६) आकाशका चराहरूलाई हेर तिनीहरू नता छर्दछन्, न कटनी गर्दछन्, न भकारीमा बटुल्दछन्, तरै पनि तिनीहरूलाई तिमीहरूका स्वर्गीय पिताले खुवाउनुहुन्छ । के तिमीहरू तिनीहरूभन्दा बढी मूल्यका छैनौ र ? (२७) तिमीहरूमध्ये कसले फिक्री गररे आफ्नो आयुमा एक घडी थप्नसक्छ ? (२८) "अनि वस्त्रहरूको विषयमा किन फिक्री गर्दछौ ? मैदानका लिली फूलहरूलाई हेर, तिनीहरू कसरी बढ्दछन् । तिनीहरूले परिश्रम गर्दैनन् अनि धागो पनि कात्दनै न् । (२९) र पनि म तिमीहरूलाई भन्दछु, राजा सुलेमानले पनि आफ्ना सारा वैभवमा यिनीहरूमध्ये एउटाले झैं पहिरिएका थिएनन् । (३०) यदि आज यहाँ देखिने अनि भोलि आगोमा फ्याकिने मैदानका घाँसलाई परमेश्वरले यसरी वस्त्र पहिऱ्याउनुहुन्छ भने, हे अल्पविश्वासी हो, उहाँले के तिमीहरूलाई अझ बढी वस्त्र पहिऱ्याउनुहुनेछैन ? (३१) यसकारण, हामी के खाऔंला ? अथवा हामी के पिऔंला ? अथवा हामी के लगाऔंला ? भनी **फिक्री नगर** । (३२) किनकि गैर–यहूदीहरू पो यस्ता कुराहरूको पछि लाग्दछन् । तिमीहरूका स्वर्गीय पिताले तिमीहरूलाई यी **कुराहरू** चाहिन्छ भनी जान्नुहुन्छ । (३३) तर **पहिले** उहाँको राज्य र उहाँको धार्मिकताको **खोजी गर अनि यी सबै कुराहरू पनि तिमीहरूलाई दिइनेछन्** ।

फिलिप्पी ४:६–७ **केही कुरामा पनि चिन्तित नहोओ**, तर सबै कुरामा धन्यवादसाथ प्रार्थना र अन्तर्विन्तीमा तिमीहरूको माग परमेश्‍वरमा जाहरे होस् । (७) अनि सम्पूर्ण समझलाई माथ गर्ने, परमेश्‍वरको शान्तिले, तिमीहरूका **हृदय** र तिमीहरूका **मन**लाई ख्रीष्ट येशूमा रक्षा गर्नेछ ।

तितस २:११–१२ किनकि परमेश्‍वरको **अनुग्रह**, जसले मुक्ति दिन्छ, सबै मानिसहरूमा देखापरेको छ । यसले हामीलाई भक्तिहिनता अनि **सांसारिक अभिलाषाहरूलाई** अस्वीकार गर्न अनि वर्तमान् समयमा **आत्मसयंमी, निर्दोष र भक्तिपूर्ण** जीवन जिउन सिकाउँछ ।

**धन सम्पत्तीहरु** : वचनलाई न्याकदछ लूका १६:१, १०–१५ येशूले आफ्ना चेलाहरूलाई भन्नुभयोः "कुनै धनी मानिसको एक जना व्यवस्थापक थियो र उसलाई आफ्ना मालिकको धन–सम्पत्ति उडाइरहेको छ भन्ने अभियोग लागेको थियो । "जसलाई थोरै कुरामा भरोसा गर्न सकिन्छ, त्यसलाई धेरै कुरामा पनि भरोसा गर्न सकिन्छ, अनि जो सानो कुरामा बेइमान् हुन्छ, त्यो धेरै कुरामा पनि बेइमान् हुन्छ । त्यसैले यदि तिमीहरू सांसारिक धन चलाउने काममा इमानदार भएनौ भने, तिमीहरूलाई साँचो धनका निम्ति कसले भरोसा गर्ला ? अनि यदि तिमीहरू अरू कसैको धनमा इमानदार भएनौ भने, तिमीहरूलाई तिम्रो आफ्नै धन कसले देला र ? "कुनै पनि दासले दुई मालिकको सेवा गर्न सक्दैन । कि त त्यसले एउटालाई घृणा गररे अर्कोलाई प्रेम गर्नेछ , कि त त्यो एउटाप्रति भक्त बनेर अर्कोलाई तुच्छ ठान्नेछ । **तिमीहरूले परमेश्‍वर र धन दुवैको सेवा गर्न सक्दैनौ** ।" फरिसीहरू, जसले धनको लोभ गर्थे, यी सबै कुरा सुनेर तिनीहरूले उहाँका विरुद्ध ओठ लेप्र्याउदैँ थिए । उहाँले तिनीहरूलाई भन्नुभयो, "मानिसहरूका सामुन्ने आफैलाई धर्मी ठहराउने मानिसहरू तिमीहरू नै हौ, तर तिमीहरूका हृदय परमेश्‍वरले जान्नुहुन्छ । मानिसहरूका बीचमा जे उच्च ठानिएको हुन्छ, त्यो परमेश्‍वरको दृष्टिमा घृणित हुन्छ ।

१ तिमोथी ६:९ जो **धनी हुन चाहन्छन्** तिनीहरू **परीक्षा** र **पासो** अनि धेरै मूर्ख र **हानिकारक इच्छाहरू**मा पर्छन्, जसले मानिसहरूलाई **बरबादी र सर्वनाश**मा डुबाउँछन् ।

हिब्रू १३:५ तिमीहरूका जीवनलाई **रुपियाँ पैसाको प्रेम देखि मुक्त राख** र तिमीहरूसित भएका थोकसित **सन्तुष्ट** रहो, किनकि परमेश्‍वरले धर्मशास्त्रमा भन्नुभएको छ, "म तिमीहरूलाई कहिल्यै छोडनेछैन्, म तिमीहरूलाई कहिल्यै त्याग्नेछैन ।" १ तिमोथी ३:३, ६:१०

**संसारका थोकहरु/आनन्दहरु** (लूका ८:१४) वचनलाई न्याकदछ

१ यूहन्ना २:१५ ससांरलाई वा त ससांरमा भएका कुनै पनि **थोक**लाई प्रेम नगर । यदि कसैले संसारलाई प्रेम गर्दछ भने, पिताको प्रेम त्यसमा रहँदैन ।

१ तिमोथी ६:८ तर यदि हामीसित खाने र लाउने कुराहरू छन् भने, हामी त्यसैमा **सन्तुष्ट** रहन सक्नु पर्छ ।

---

**पावलको हृदय :** फिलिप्पी ३:७–९ तर जे **कुराहरू** मेरा निम्ति लाभदायक थिए, अब **तिनलाई** ख्रीष्टका खातिर म **हानिकारक** नै सम्झन्छु । (८) त्यसभन्दा पनि बढी, **मेरा प्रभु ख्रीष्ट येशूलाई चिन्न पाउने जस्तो सबैभन्दा महान् कुराको तुलनामा** त म **सबै कुरालाई** नै हानि सम्झन्छु, जसको निम्ति मैले सबै कुरा गुमाएको छु । तिनलाई म कसिङ्गरतुल्य ठान्दछु, **यस निम्ति कि मैले ख्रीष्टलाई प्राप्त गर्न सकूँ**, (९) र म उहाँमा (सँग) भएको पाइन सकूँ, व्यवस्थाबाट आउने मेरो आफ्नै धार्मिकता भएर होइन, तर ख्रीष्टमाथिको विश्वासद्वारा आउने त्यो धार्मिकता प्राप्त गरेर– जुन धार्मिकता परमेश्वरबाट आउछँ र विश्वासद्वारा पाइन्छ ।

आइजक् वाटस्, उहाँको गितमा लेख्नुहुन्छ : “जब म अद्भुत क्रुसलाई हेर्छु” ले नाश पार्ने “कुराहरु”लाई पहिचानेको छ जब उहाँ यो लेख्नुहुन्छ : म कहिल्यै पनि घमण्ड गर्नु नपरोस् – बचाउनुहोस् ख्रीष्टको क्रुसमा मेरो राजा – र **सबै नाश हुने कुराहरु जसले मलाई धेरै लोभ्याउदँछ– म त्यसलाई म एका पट्टी राखी, म उहाँ क्रुसमा मात्र म टासिन्छु** ।

- यहि समस्या हो – हामीलाई लोभ्याउने थोकहरु . . . तपाई आफ्नो समय लिनुहोस् र ध्यान दिनुहोस्

**यो हृदय /प्राथमिकताहरु/तपाईले जेमा प्रेम गर्नुहुन्छ त्यसमा भर पर्दछ ।**

किनकि जहाँ तिमीहरूको धन हुन्छ, त्यहीँ तिमीहरूको मन पनि हुनेछ । मत्ती ६:२१

**यहि मुख्य कारणहरु हुन् जहिले पनि किन > थोरै मात्र हुन्छन्** :o(

.....................................................

लूका १७:११–१९ **के दश जना शुद्ध पारिएका होइनन् र ? अन्य नौं जना कहाँ छन् ?**

- नौं जना चाहिँ आफ्नो चंगाईको बारेमा वास्ता गरेका थिए तर येशूसँगको सम्बन्ध होइन । एउटै कुरालाई उनीहरुले प्रेम गरे त्यो हो उनीहरुको चंगाई ।
- हामी कतिको आषिश्हरु प्राप्त गछौं र खुशीका साथ हामी हाम्रो बाटो लाग्छौं ?

येशूले हजारौंलाई सिकाउनुभयो > तर कसले उहाँलाई वास्तवमा नै पछ्याए ??

यूहन्ना ६:२ अनि मानिसहरूको एउटा ठूलो भीडले उहाँलाई पछ्यायो, **किनकि** उहाँले रोगीहरूमाथि गर्नुभएका **आश्चर्य–कर्महरू तिनीहरूले** देखेका थिए ।

यूहन्ना ६:२६ येशूले जवाफ दिनुभयो, "म तिमीहरूलाई साँचो भन्दछु, तिमीहरूले आश्चर्य–चिन्हहरू देखेर होइन, तर **तिमीहरूले अघाउञ्जेल रोटी खाएका हुनाले मलाई खोजिरहेका छौ** ।

उहाँले १२ जना चेलाहरुलाई बोलाउनुभयो – तर कोही अरुहरु भन्दा ज्यादा नजिक थिए

**१२** जना चेलाहरु मध्ये > **३** जनाले अरुहरुले भन्दा ज्यादा उहाँलाई पछ्याए

**३** जना मध्ये त्याहाँ > **१** जनाले अरुहरुले भन्दा ज्यादा उहाँलाई पछ्याए :

**यूहन्ना १३:२१+**

.................................................................
.................................................................

यूहन्नाको **यी दुई** चेलाहरुको लागि – उनीहरुको इच्छा/उनीहरुको प्राथमिकता चाहिँ सबै भन्दा माथि/उनीहरुको झोक थियो –>

अझैं घनिष्टतामा **उहाँलाई जान्नु !**

**घरि घरि येशूले हामीलाई प्रतिज्ञा गर्नु भएको छ :**

व्यवस्था ४:२९ तर त्यहाँबाट तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्‍वरलाई **खोध्यौ** भने, र तिमीहरूले आफ्‍ना सारा, हृदय र सारा प्राणले उहाँको बाटो हेर्‍यौ भने, **तिमीहरूले उहाँलाई भेट्टाउनेछौ** ।

१ इतिहास २२:१९ अब तिमीहरूका **हृदय र प्राणलाई** परमप्रभु तिमीहरूका परमेश्‍वरलाई **खोज्‍न**मा लगाऊ । परमप्रभु परमेश्‍वरको पवित्रस्थान निर्माण गर्न शुरु गर र परमप्रभुको नाउँको खातिर बनिने मन्दिरभित्र परमप्रभुको करारको सन्दूक अनि परमेश्‍वरका पवित्र चीजहरू तिमीहरूले ल्याउन सकौला ।”

२ इतिहास १२:१४ रहबामले परमप्रभुलाई **खोज्‍ने** कुरामा आफ्नो हृदय नलगाएकाले दुष्टता गरे ।

भजन ३४:१० जवान सिंहहरू कमजोर होलान्, र तिनीहरू भोकाउँछन्, तर परमप्रभुको **खोजी** गर्नेहरूलाई कुनै कुराको अभाव हुँदैन ।

भजन १०५:४ परमप्रभु र उहाँका शक्तिको **खोजी** गर उहाँको दर्शन निरन्तर **खोज** ।

हितोपदेश २८:५ दुष्ट मानिसहरुले इन्साफ बुझ्दैनन्, तर परमप्रभुलाई **खोज्‍ने**हरुले यसलाई पूरा रुपले **बुझ्दछन्** ।

यशैया ५५:६ जबसम्म परमप्रभुलाई पाउन सक्छौं उहाँलाई **खोज, उहाँ नजीक हुनुहुदाँ नै उहाँलाई पुकार** ।

अहिले उहाँ तपाईको नजिक हुनुहुन्छ ! दिन प्रति दिन ।

उहाँ जादैं हुनुहुन्छ . . . के तपाई उहाँलाई पछ्याउनु हुन्छ वा निरन्तर काढाँहरुको बिचमा रहेको झाडि जस्तै जीउनु हुन्छ ? यो चाहिँ तपाईले केमा प्रेम गर्नुहुन्छ त्यसको जाचँ हो । यो एउटा मौका हो । तपाई के गर्न चाहानुहुन्छ ? ..................................................

यूहन्ना १:३६–३७ येशूलाई छेउबाट गइरहनुभएको देखेर उनले भने, “**हेर , परमेश्‍वरका थुमा** ।” (३७) उनले यो कुरा भनेको सुनेपछि ती **दुई चेलाहरू येशूको पछि लागे** ।

यहि नै चेलापन हो > हृदयहरुलाई येशूलाई खोज्न र पछ्याउनलाई तैयार गर्ने

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

यूहन्ना १:३८ **पछिल्तिर फर्केर हेर्दा येशूले** तिनीहरूलाई पछिपछि आइरहेका देखेर सोध्नुभयो, "**तिमीहरू के चाहन्छौ ?**" तिनीहरूले भने, "रब्बी (जसको अर्थ हो, गुरुज्यू , तपाईं कहाँ बस्नुहुन्छ ?"

- **पछिल्तिर फर्केर हेर्दा येशूले** – यसरी नै तपाईले उहाँको ध्यानलाई पाउन सक्नुहुन्छ । गहिरो सम्बन्ध बनाउने **चाहान, खोजी, निरन्तर लागि पर्न** शुरु गर्नुहोस् ।

- उनीहरु येशूसँग अनुहारको अनुहारमा–आखाँको आखाँमा  हेर्थे । **यसको अर्थ के हो?**

- र येशूले उनीहरुलाई प्रश्न सोध्नुभयो – घरि घरि उहाँले यहि प्रश्न सोध्नुहुन्छ :
  **तपाई के खोज्दै हुनुहुन्छ ?– तपाई केलाई हेर्दै हुनुहुन्छ?**
  **तपाई के चाहानुहुन्छ ?**

  - उहाँले तपाईको हृदय हेर्नुहुन्छ । तपाईले उहाँलाई सत्यता बताउनु नै पर्छ

- उनीहरुसँग असल जवाफ थियो – तपाई कहाँ बस्नुहुन्छ ? उनीहरु **उहाँसँगै रहन/उहाँमा रहन** चाहान्थे ।

  - यूहन्ना १५:७ तर **यदि** तिमीहरू **ममा** र **मेरा वचन** तिमीहरूमा **रहे भने,** तिमीहरूले चिताएको जे पनि माग र त्यो दिइनेछ । यसरी नै प्रार्थनाहरुको उत्तर दिइन्छ !
  - किनकि : **उहाँलाई पछ्याउनेहरुको इनाम उहाँ हुनुहुन्छ** हिब्रू ११:६ (अनि विनाविश्वास परमेश्वरलाई खुशी पार्न असम्भव छ, किनकि उहाँकहाँ जो आउँछन् तिनले उहाँ हुनुहुन्छ अनि उहाँलाई खोज्नेहरूलाई इनाम दिनुहुन्छ भनी विश्वास गर्नुपर्छ ।)

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

**तपाई के इच्छा राख्नुहुन्छ ?**

**तपाई केलाई पछयाउदै हुनुहुन्छ?**

**तपाई तृष्णा के हो ?**

**तपाईले कार्य गर्नमा के ले तपाईलाई प्रेरणा दिन्छ ?:**

जे कुरामा मानिसहरुलाई तृष्णा छ त्यहि कुरालाई उनीहरु पछयाउछन् ।

१. **यूहन्ना १७:२४** तृष्णा, **येशू**को प्रेरणा :

२. **लूका १०:३८–४२** मार्था : **ध्यान तितर बितर भएको – चिन्ता– धेरै कुराहरुमा ब्यस्थ–** काढाँहरु । **मरियम** “एउटै कुरा मात्र”

३. **भजन २७:४** **दाउद**को तृष्णा : (असल जिवनको पद तपाईको लागि)

प्रेरित १३:२२ तर शाऊललाई हटाएपछि, दाऊदलाई उहाँले तिनीहरूको राजा बनाउनुभयो । तिनको विषयमा साक्षी दिँदै परमेश्वरले भन्नुभयोः यिशैको छोरा दाऊदलाई **मैले आफ्नो हृदयअनुसारको मानिस पाएँ उसबाट म जे काम गराउन चाहन्छु त्यसले ती सबै काम गर्नेछ** ।

४ **प्रस्थान ३३:७–११ यहोशूको** तृष्णाः यहोशू . . . जवान मानिस तम्बुबाट गएनन् ।

मोशासँग मिश्रबाट आउने सबै जवान केटाहरु, **एउटाले मात्र** परमप्रभुको कुराहरुको खोजी गऱ्यो :

- सबै जवान मानिसहरु, खालि **एउटै कुरा**को मात्र चाहना एक जानाले गऱ्यो ।
- **किन त्यहाँ अन्य मानिसहरु थिएनन् ?**

२ तिमोथी ३:१–५ तर यो जानिराख कि आखिरी दिनहरूमा भयङ्कर डरलाग्दो त्रासपूर्ण समय आउनेछ। किनभने मानिसहरू **आफैलाई मात्र माया गर्ने, रुपियाँपैसामा लोभी, घमण्डी, हठी, ईश्वर निन्दक, आमा बुबाको आज्ञापालन नगर्ने, बैगुनी र अपवित्र, स्वाभाविक प्रेमरहितका, कसै गर्दा पनि खुशी पार्न नसकिने, अरुलाई निन्दाजनक अपमान गर्ने, निर्दयी, दुराचारी, असल कुरालाई घृणा गर्ने, विश्वासघाती, उत्ताउला, घमण्डले फुलेका, परमेश्वरलाई भन्दा सुखविलास नै रुचाउने, भक्तिको भेष धारण गर्ने, तर त्यसको शक्तिलाई इन्कार गर्ने हुनेछन्, यी मानिसहरूबाट परै बस**।

२ इतिहास १६:९ किनकि परमप्रभुको दृष्टि **उहाँप्रति सम्पूर्ण रुपले अर्पित हृदय** भएकाहरुलाई **सामर्थ दिनलाई** पृथ्वीभरि व्याप्त रहेको हुन्छ । तपाईले एउटा मूर्ख काम गर्नुभयो र अब देखि उसो तपाईले युद्ध गरिरहनुपर्नेछ ।

.....................................................

यूहन्ना १:३९ उहाँले जवाफ दिनुभयो, **“आओ, र तिमीहरूले देख्नेछौ ।” तिनीहरू गए** र उहाँ बस्नुभएको ठाउँ **देखे**, अनि त्यस दिन तिनीहरू उहाँसँगै बसे । त्यसबेला करीब चार बजेको थियो ।

> यूहन्ना ११:४० येशूले भन्नुभयो, “विश्वास गर्‍यौ भने, **तिमीहरूले** परमेश्वरको महिमा **देख्नेछौ** भनी मैले तिमीहरूलाई भनेको थिइनँ र ?”
>
> लूका ४:१८ “परमप्रभुको आत्मा ममाथि छ, किनकि गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ । उहाँले मलाई कैदीहरूलाई छुटकाराको घोषणा गर्न, र **अन्धाहरूलाई दृष्टि दिलाउन**,

**येशूले हामी सबैलाई भन्दै हुनुहुन्छ : “आऊ र तिमीले देख्नेछौं”** यो सत्य हो ।

येशूलाई देख्नको लागि एकदमै पछ्याउन प्रेरित भएको एउटा असल उदाहरण छ :

**मत्ती ९:२७–३०** अनि येशू जसै त्यहाँबाट अगि बढ्नुभयो, **दुई जना अन्धा मानिसहरूले** यसो भन्दै उहाँलाई पछ्याए, "हे दाऊदका पुत्र, हामीमाथि दया गर्नुहोस् ।" (२८) जब उहाँ भित्र पस्नुभयो, ती अन्धा मानिसहरू उहाँकहाँ आए अनि उहाँले तिनीहरूलाई सोध्नुभयो, "म यसो गर्नसक्छु भनी के तिमीहरू विश्वास गर्छौ ?" तिनीहरूले जवाफ दिए, "गर्छौं प्रभु ।" (२९) तब उहाँले तिनीहरूका आँखा छोएर भन्नुभयो, "तिमीहरूको विश्वासअनुसार तिमीहरूलाई यस्तै होस्" (३०) **अनि तिनीहरूले दृष्टि पाए** । येशूले तिनीहरूलाई यसरी कडा चेतावनी दिनुभयो, "यो कुरा कसैले थाहा नपाओस् ।"

.....................................................

**लूका २४:१३–३५** इम्माउसको बाटोमा दुई जना

(१३)अब त्यही दिन तिनीहरूमध्ये दुई जना यरूशलेमबाट करीब सात माइल टाढामा पर्ने इम्माउस भनिने एउटा गाउँतिर गइरहेका थिए । (१४) तिनीहरू आपसमा त्यहाँ घटेका सबै कुराहरूका विषयमा बातचीत गर्दैथिए । (१५) तिनीहरूले आपसमा यिनै कुराहरूका विषयमा बातचीत र बहस गरिरहेकै बेला, **येशू स्वयम् त्यहाँ आएर** तिनीहरूकै साथसाथ हिँड्नुभयो (१६) **तर तिनीहरू उहाँलाई चिन्न नसक्ने तुल्याइएका थिए ।** (१७) उहाँले तिनीहरूलाई सोध्नुभयो, "तिमीहरू हिँड्दै आपसमा के बहस गरिरहेका छौ ?" तिनीहरू मलिन अनुहार पार्दै टक्क अडिए । (१८) तिनीहरूमध्येका क्लोपोस नाम भएका एक जनाले उहाँलाई सोधे, "के तपाईं यरूशलेममा एकमात्र आगन्तुक हुनुहुन्छ र जसलाई यी दिनहरूमा त्यहाँ के घटनाहरू भए भन्ने थाहा छैन ?" (१९) उहाँले सोध्नुभयो, "के कुरा ?" तिनीहरूले जवाफ दिए, "नासरतको येशूको विषयमा, उहाँ एक अगमवक्ता हुनुहुन्थ्यो, र परमेश्वर र सबै मानिसहरूका सामु चन र कर्ममा शक्तिमान् हुनुहुन्थ्यो । (२०) मुख्य पूजाहारीहरू र हाम्रा शासकहरूले उहाँलाई मृत्युदण्डको निम्ति सुम्पिदिए, र तिनीहरूले उहाँलाई क्रुसमा टाँगे (२१) तर हामीले त इस्राएललाई छुटकारा दिनुहुने उहाँ नै हुनुहुन्छ भन्ने आशा गरेका थियौं । यी सबैबाहेक, यो सबै घटेको आज तीन दिन भयो । (२२) त्यसपछि पनि, हामीहरूमध्येका कोही स्त्रीहरूले हामीलाई छक्कै पारे । तिनीहरू आज बिहान सखारै चिहानमा गए, (२३) तर उहाँको शरीर भेट्टाएनन् । तिनीहरू हामीकहाँ आएर तिनीहरूले उहाँ जीवित हुनुहुन्छ भन्ने स्वर्गदूतहरूको एउटा दर्शन देखेको कुरा सुनाए । (२४) त्यसपछि हाम्रा साथीहरूमध्ये कोही चिहानमा गए र ती स्त्रीहरूले भनेजस्तै नै भेट्टाए, तर तिनीहरूले उहाँलाई देखेनन् ।" (२५) अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू कति अबुझ छौ, र अगमवक्ताहरूले बोलेका सबै कुरा विश्वास गर्न तिनीहरूका हृदय कति सुस्त छ । (२६) के ख्रीष्टले यी सबै कष्टहरू भोग्न र त्यसपछि आफ्नो महिमामा प्रवेश गर्नु आवश्यक थिएन र ?" (२७) अनि मोशा र अगमवक्ताहरूबाट शुरु गरेर उहाँले सम्पूर्ण धर्मशास्त्रमा आफ्नो विषयमा लेखिएका सबै

कुराहरूको अर्थ तिनीहरूलाई व्याख्या गरिदिनुभयो । (२८) तिनीहरू आफू जुन गाउँमा गइरहेका थिए त्यसको नजीकै आइपुगेपछि, येशूले उहाँ अझै पर जान चाहेजस्तो गर्नुभयो । (२९) तर **तिनीहरूले उहाँलाई कर गर्दै बिन्ती गरे, "हामीसगँ नै बस्नुहोस्,** किनकि अब साझँ पर्दैछ र दिन पनि ढल्किसकेको छ ।" अनि उहाँ तिनीहरूसँगै बस्न भित्र पस्नुभयो । (३०) जब उहाँ तिनीहरूसँगै टेबुलमा हुनुहुन्थ्यो, तब उहाँले रोटी लिएर धन्यवाद दिनुभयो र भाचेर तिनीहरूलाई दिन थाल्नुभयो । (३१) **त्यसबेला तिनीहरूका आँखा खोलिए** र तिनीहरूले उहाँलाई चिने, अनि उहाँ तिनीहरूका दृष्टिबाट अल्पनुभयो । (३२) तिनीहरूले आपसमा भने, "के उहाँ बाटोमा हामीसँग कुराकानी गर्नुहुँदा र हाम्रा निम्ति धर्मशास्त्रको अर्थ खोलिदिनुहुँदा हाम्रो हृदय बलिरहेको थिएन र ?" (३३) तिनीहरू उठे र तुरुन्तै यरूशलेम फर्के । त्यहाँ तिनीहरूले एघार जनालाई र तिनीहरूसँग हुनेहरूलाई एकै साथ भेला भएका भेटे, (३४) अनि तिनीहरूलाई भने, "यो सत्य रहेछ, प्रभु जीवित पारिनुभएको र सिमोनकहाँ देखापर्नुभएको हो रहेछ ।" ३५त्यसपछि ती दुई जनाले बाटोमा के भएको थियो र उहाँले रोटी भाँच्नुहुँदा कसरी येशूलाई तिनीहरूले चिने भन्ने विषयमा बताए ।

**यूहन्ना ९:७** जन्मै देखीको अन्धा मानिस निको भएको । पद ७ उहाँले त्यसलाई भन्नुभयो, "जाऊ, सिलोआमको पोखरीमा गएर पखाल" (सिलोआमको अर्थ पठाइएको हो । त्यो मानिस गयो र पखाल्यो, अनि देख्ने भएर घर फर्किआयो ।

## –आऊ, र तिमीले देख्ने छौं–

**यूहन्ना १:४०–५१** यूहन्नाले भनेका कुरा सुन्ने र येशूलाई पछ्याउने ती दुई चेलाहरूमध्ये एक जना सिमोन पत्रुसका भाइ **अन्द्रियास** थिए । (४१) तिनले **सबैभन्दा पहिले आफ्नो दाज्यू सिमोनलाई भेटे** र भने, "हामीले मसीहलाई (अर्थात् ख्रीष्टलाई भेट्टाएका छौं ।" (४२) अनि **तिनले सिमोनलाई येशूकहाँ ल्याए** । येशूले उनलाई हेर्नुभयो र भन्नभुयो, "तिमी यूहन्नाका छोरा सिमोन हौ । तिमी केफास (जसको अर्थ हो, पत्रुस अथवा चट्टान) भनिनेछौ ।"

- जसले परमप्रभुको उपस्थितीमा समय बिताउदँछ उनीहरु अनन्दद्बारा अरुलाई भेट्टाउन र भन्न **प्रेरित छन्** ।

(४३) भोलिपल्ट येशूले गालील जाने निश्चय गर्नुभयो । उहाँले **फिलिप**लाई भेट्नुभयो र भन्नुभयो, **"मेरो पछि लाग ।"** (४४) फिलिप पनि अन्द्रियास र पत्रसु जस्तै बथेसेदा शहरका नै बासिन्दा थिए । (४५) **फिलिपले नथानेललाई भेट्टाएर** भने, "जसका विषयमा मोशाले व्यवस्थामा, र अगमवक्ताहरूले पनि लेखेका थिए, **उहाँलाई हामीले भेट्टाएका छौं**– यूसुफका पुत्र **नासरतका येशू**लाई ।"

(४६) "नासरत" **नथान**ले छक्क पर्दै सोधे, "के त्यहाँबाट पनि कुनै असल कुरो आउनसक्छ र ?" फिलिपले भने, **"आएर हेर** ।" (४७) येशूले **नथानलाई आफू तिर आउदैं गरेका देखे**पछि तिनको विषयमा भन्नुभयो, "हेर, एक जना पक्का इस्राएली, जसमा कुनै खराबी छैन ।" (४८) नथानले सोधे, "तपाईंले मलाई कसरी चिन्नुभयो ?" येशूले जवाफ दिनुभयो, "फिलिपले तिमीलाई बोलाउनुभन्दा अघिनै **मैले तिमीलाई** नेभाराको रूखमुनि **देखें** ।"

> **उहाँले तपाईलाई** तपाईले उहाँलाई देख्नु भन्दा पहिले देखिसक्नुभयो । उहाँले आफ्नाहरु माथि आफ्नो दृष्टि लगाउनुहुन्छ ।
> *किनकि उहाँको सामु हामी पवित्र र निष्कलङ्ढ होऔं भनेर उहाँले हामीलाई संसारको सृष्टिभन्दा अघिबाटै उहाँमा चुन्नुभयो ।* एफिसी १:४

(४९) तब **नथानेल**ले घोषणा गर्दै भने, "रब्बी, तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ तपाईं नै इस्राएलका राजा हुनुहुन्छ ।" (५०) येशूले भन्नुभयो, "मैले तिमीलाई नेभाराको रूखमुनि देखें भनेकोले नै तिमीले विश्वास गरेको ? **तिमीले यीभन्दा अझ ठूला कुराहरू देख्नेछौ** ।" (५१) अनि उहाँले अझै भन्नुभयो, "म तिमीलाई साँचो भन्दछु, तिमीहरूले स्वर्ग उघ्रिएको, अनि परमेश्वरका दूतहरूलाई मानिसको पत्रु माथि उक्लदँै र ओर्लदै गरेका **देख्नेछौ** ।"

पद ५० चाहिँ तपाईको लागि **प्रतिज्ञा** हो : जति धैरै समय तपाईले उहाँसँग बिताउनुहुन्छ त्यति धैरै तपाईले **महान् थोकहरु** देख्नु हुनेछ . . . सपनाहरु/दर्शनहरु/प्रकाश

- हाम्रो चुनाव : महान् **थोकहरु** . . .वा संसारका **थोकहरु** ।

“हे पिता, म इच्छा गर्दछु जो जति तपाईंले मलाई दिनुभएको छ, तिनीहरू पनि म जहाँ छु, **मसितै** त्यहीँ होऊन् र **मेरो महिमा तिनीहरूले देखून्**, जुन महिमा तपाईंले संसारको सृष्टिभन्दा पहिलेदेखि नै मलाई प्रेम गर्नुभएको हुनाले मलाई दिनुभयो ।
यूहन्ना १७:२४

स्वीकार्ने समय अहिले नै हो, आज नै त्यो दिन हो २ कोरन्थी ६:२

- तपाईको लागि के महत्वपूर्ण हो त्यसको निर्णय गर्न ।
- तपाईले के को खोजी गर्नु पर्दछ भनि निर्णय लिनु ।
- तपाईको प्राथमिकताहरुलाई पुर्ननिर्माण गर्नु ।

यो यस्तो हो जस्तो हामीसँग हाम्रो पासपोर्ट छ –हामीसँग हाम्रो टिकट छ–हामीलाई टर्मिनलमा नयाँ र उच्च ठाउँहरुमा जानको लागि अनुमति छ–तर . . .

यो यस्तो हो कि हामी एयरपोर्टको सामानहरु लिने ठाउँमा छौं तर हामीलाई चाहिएको सामान हेर्नलाई मनाहि गरिएको छ –हाम्रो विगतका सबै सामानहरु एकै ठाउँमा ल्याइएको छ–हाम्रो सबै मनका चोटहरु र निरासाहरु ।
येशू स्केलेटरको माथि हुनुहुन्छ र हामीलाई माथिल्लो स्थानमा आउनको लागि बोलाउदै हुनुहुन्छ अर्कौ वास्तविकतामा ।

उहाँसँगै उड्नको लागि । परमेश्वरको राज्यमा पास्न र जीउन । जहाँ सबै **थोकहरु**को ब्यवस्था गरिएको छ . . . र महान् थोकहरु देखिनेछन् ।

यसलाई बिसाउन होस् / फुक्का गर्नुहोस् / तपाईको पछाडि राख्नुहोस् / यसबाट टाढा येशूकोमा जानुहोस् / तपाईको केन्द्रलाई परिवर्तन गर्नुहोस् / तपाईको उद्धेश्यहरुलाई परिवर्तन गर्नुहोस् / तपाईको प्राथमिकताहरु परिवर्तन गर्नुहोस् ।

मत्ती ११:२८–३० "हे सबै **थाकेकाहरू** र **बोझले** दबिएका हो, **मकहाँ आओ**, अनि म तिमीहरूलाई **विश्राम** दिनेछु । मेरो जुवा (संसारको होइन) आफैमाथि लेओ अनि **मबाट सिक**, किनकि म नम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्ना आत्माको लागि विश्राम पाउनेछौ । ३०किनकि मेरो जुवा सजिलो र मेरो भारी हलुङ्गो छ ।"

तसर्थ, यसले एउटा कुराको माग गर्दछ – हामीले झाडिहरु (काढाँ) लाई तोड्नु पर्दछ लामो **समय उहाँसँग बिताउनु पर्दछ** ।

उहाँसँग समय बिताउन शुरु गर्नु भन्नाले उहाँले पहिले नै उहाँको वचनमा भनिसक्नु भएको कुराहरुमा समय बिताउनु हो ।

भजन १:१–२ **धन्य** हो त्यो मानिस, जो दुष्टहरूको युक्तिमा **चल्दैन**, न त पापीहरूको मार्गमा **खडा** हुन्छ, न निन्दा गर्नेहरूको सङ्गतमा **बस्दछ**। तर त्यो **परमप्रभुको व्यवस्थामा आनन्दित** हुँदछ र त्यसले **रातदिन** उहाँको व्यवस्था **मनन गर्दछ**। खोलाको किनारमा रोपेको बोट जस्तै त्यो हुन्छ, जसले आफ्नो ऋतुमा फल दिन्छ, अनि जसको पात कहिल्यै ओइलाउँदैन, **त्यसले जे गर्छ, त्यसमा त्यो सफल हुन्छ** ।

येशूसँगको **घनिष्ट** सम्बन्धको लागि **सुनाई** र **बोलाई** अति आवश्यक र महत्वपूर्ण हुन्छ ।

यसमा इच्छा – खोजी – परमप्रभुसँग बातचित पर्दछ ।

येशू मानिस बन्नुभयो – हामी जस्तै जीउनुभयो –

उहाँले कहिले आफ्नो पितसँग बातचित गर्नुभयो ???

मर्कुस १:३५ **एका बिहानै, अध्यँारो छदैं**, येशू उठ्नुभयो, घरबाट निस्कनुभयो अनि एउटा एकान्त ठाउँमा गएर त्यहाँ प्रार्थना गर्नुभयो ।

**१. येशूले उचित ठान्नुभएको समय – एका बिहानै**

२. **उहाँले कहिले सिकाउन थाल्नुभयो ?**

लूका २१:३८ अनि सबै मानिसहरू उहाँको वचन **सुन्न**लाई **बिहानै** मन्दिरमा आउँथे ।

३. पुर्नरुत्थान भएको प्रभुलाई **पहिलो पटक देख्ने** ।

यूहन्ना २०:१ र १४ हप्ताको पहिलो दिन **बिहान, अँध्यारैमा** मरियम मग्दलिनी चिहानमा गइन् र चिहानको मुखको ढुङ्गा एकातिर पन्छयाइएको भेट्टाइन् । (१४) तब तिनले पछि फर्केर हेरिन् र येशूलाई उभिरहनुभएको देखिन्, तर उहाँ येशू नै हुनुहुन्थ्यो भनेरचाहिँ चिनिनन् ।

४. **आदमसँग परमेश्वर कहिले हिड्नुभयो ?**

उत्पत्ती ३:८ तब दिनको **शितल समयमा** जसै परमप्रभु परमेश्वर बगैँचामा डुल्दै हुनुहुन्थ्यो, मानिस र तिनकी स्वास्नीले उहाँको सोर सुने, अनि तिनीहरु परमप्रभु परमेश्वरदेखि बगैँचाका रुखहरुबीच लुके ।

५. मन्नाको पाठ ।

प्रस्थान १६:१२–१४,१८,२१ मैले इस्राएलीहरुको गनगन सुनेको छु । तिनीहरुलाई भन्, बेलुकी तिमीहरुले मासु खानेछौं र **बिहान** तिमीहरु **रोटी**ले तृप्त हुनेछौं । तब तिमीहले म नै परमप्रभु तिमीहरुका परमेश्वर हुँ भनी तिमीहरुले थाहा पाउनेछौं । १८जब तिनीहरुले त्यो ओमेरले नापे, तब धेरै बटुल्नेको ज्यादा भएन र थोरै बटुल्नेको कम भएन । तिनीहरु हरेकले आफुले खाने जति नै बटुले । १९ अनि मोशाले तिनीहरुलाई भने, कसैले पनि यसको केही भाग बिहानसम्म नराखोस् ।

- येशूले हामीलाई प्रार्थना गर्न सिकाउनु भएको छ : हाम्रो स्वर्गिय पिता . . . हामीलाई हरेक दिन हाम्रो दैनिक भोजन दिनुहोस् । लूका ११:३

- यूहन्ना ६:३५ तब येशूले घोषणा गर्नुभयो, "**जीवनको रोटी म नै हुँ** । जो मकहाँ **आउँछ**, त्यो कहिल्यै भोकाउनेछैन, र जसले ममाथि **विश्वास गर्छ**, त्यो कहिल्यै तिर्खाउनेछैन ।

(१६) परमप्रभुले यसो भनी आज्ञा दिनुभएको छः "**हरेक**ले आफूलाई **चाहिए**जति बटूल्नू । तिमीहरुसित पालभित्र भएका हरेक व्यक्तिको निम्ति एक ओमेर लिनू ।" (१७) इस्राएलीहरुले तिनीहरुलाई भनेझैं गरे, कसैले धेरै बटुले, कसैले थोरै । (१८) जब तिनीहरुले त्यो ओमेरले नापे, तब धेरै बटुल्नेको ज्यादा भएन र थोरै बटुल्नेको कम भएन । तिनीहरु हरेकले आफुले खाने जति नै बटुले ।

- तपाईलाई जति चाहिन्छ त्यति "जीवनको रोटी" लिन पाइन्छ ।

(१९) अनि मोशाले तिनीहरुलाई भने, कसैले पनि यसको केही भाग बिहानसम्म नराखोस् । (२०) तैपनि, कोहीकोहीले मोशाको कुरामा ध्यान दिएनन्, र त्यसको केही भाग बिहानसम्म राखे । तर त्यो कीरा लागेर गन्हाउनथाल्यो । यसकारण मोशा तिनीहरुसिल क्रोधित भए । (२१) **प्रेत्यक बिहान हरेकले आफूलाई चाहिनेजति बटुल्थे, अनि घाम छिप्पिएपछि त्यो बिलाइहालथ्यो ।**

६. **सुगन्धित धूपको बेदि** सुगन्धित धूप चाहिँ हाम्रो प्रार्थनाहरुको प्रकार हो । प्रस्थान ३०:७–८ हारुनले **प्रत्येक बिहान** बत्तीहरु सच्याउँदा वेदीमा सुगन्धित धूप **जलाओस्** । त्यसले साँझमा बत्तीहरु फेरि धूप जलाओस् र आउने पुस्ताहरुको लागि परमप्रभुको सामुन्ने धूप नियमित रुपले जल्नेछ ।

प्रकाश ८:३–४ अर्को स्वर्गदूत, जससँग एउटा सुनको धुपौरो थियो, आएर वेदीमा उभिए । तिनलाईसबै सन्तहरूको **प्रार्थना**सित सिंहासनको सामु भएको सुनको वेदीमा चढाउनलाई धेरै धूप दिइयो । (४) सन्तहरूका प्रार्थनासित धूपको धूवाँ स्वर्गदूतको हातबाट माथि परमेश्वरकहाँ गयो ।

**७. पुजाहारीले आगोलाई पुरै जलाउथे** । लेवि ६:१२–१३ **वेदीमाथिको आगो जली नै रहोस् र त्यो निभन नपाओस् । प्रत्येक बिहान पूजाहारीले** त्यसमा दाउरा थपेर होमबलिलाई आगोमाथि मिलाओस् र त्यसमाथि मले बलिको बोसो जलाओस् । (१३) वेदीमाथि **आगो निरन्तर जली नै रहोस् त्यो कहिल्यै ननिभोस्** ।

मत्ती ३:११ "म त तिमीहरूलाई पश्चात्तापको लागि पानीको बप्तिस्मा दिन्छु । तर मपछि मभन्दा शक्तिशाली एक जना आउनुहुनेछ, जसको जुत्ता बोक्ने योग्यको म छैन । **उहाँले तिमीहरूलाई पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुनेछ** ।

**८. पहिलो फल परमप्रभुको हो** । हितोपदेश ३:९ आफ्नो धनसम्पत्ति र सबै उब्जनीको अगौटे फलले परमप्रभुको आदर गर

**९. परमेश्वरको हृदय भएको मानिस दाउद थिए । किन ?**

भजन ५:३ हे परमप्रभु, तपाईंले **बिहानै** मेरो सोर सुन्नुहुन्छ, म **सबेरै** तपाईंको अगि मेरो प्रार्थना राख्दछु र आशामा पर्खन्छु।

भजन ५७:८ हे मेरो प्राण, जाग् , हे सितार र वीणा जाग्, **म आफै पनि एकाबिहानै जाग्नेछु**।

भजन ६३:१ हे परमेश्वर, तपाईं नै मेरा परमेश्वर हुनुहुन्छ, **एकाबिहानै म तपाईंलाई खोज्नेछु**, पानी नै नभएको सुक्खा र रुखो भूमिमा मेरो प्राण तपाईंको निम्ति तिर्खाउँछ, मेरो शरीर तपाईंको निम्ति मरिमेट्छ।

भजन ९०:१४ **बिहानै आफ्नो कृपाले हामीलाई तृप्त पार्नुहोस्** र हामी हाम्रा जीवनभरि नै रमाउन र आनन्दित हुन सकौं।

भजन ११९:१४७ **मिरमिरे उज्यालो खस्नुभन्दा पहिल्यै मैले पुकारें** र मैले तपाईंको वचनमा आशा राखें।

**१०. श्रेष्ठगीत ७:१२ आऔं हामी बिहानै उठैं . . .**

दाखमा कोपिला लागे छन् कि, तिनमा फूल फुले कि अथवा अनारहरूको फूल फुले छन् कि, भनरे हर्नै **हामी बिहानै दाखबारीमा जाऔं** त्यहाँ **म तपाईंलाई मेरो प्रेम दिनेछु** ।

उहाँले तपाईलाई बगैचामा बोलाउदै हुनुहुन्छ . . . उहाँ तपाईसँग हरेक बिहान हिड्न चाहानुहुन्छ जसरी उहाँ आदम र हव्वासँग हिड्नुहुन्थ्यो ।

उहाँ तपाईलाई उहाँको प्रेम दिन चाहानुहुन्छ । तपाई कसरी उत्तर दिनुहुन्छ ?

तपाई के गर्नुहुन्छ ? तपाई के चाहानुहुन्छ ?

उहाँ हरेक बिहान तपाईलाई कुर्नुहुन्छ ।

तपाईको लागि मेरो प्रार्थना : एफिसी १:१५–२१

जबदेखि मैले प्रभु येशूमा **तिमीहरूको विश्वास** र सबै सन्तप्रति **तिमीहरूको प्रेम**को
बारेमा सुनें, १६तिमीहरूको निम्ति धन्यवाद दिन म थामिएको छैन, प्रार्थनामा
तिमीहरूलाई सधैँ सम्झिरहेको छु । १७मैले यही बिन्ती गरिरहेको छु कि हाम्रा
प्रभु येशू ख्रीष्टको परमेश्वर, महिमाका पिताले तिमीहरूलाई **बुद्धि र प्रकाशको**
**आत्मा देऊन्**, फलस्वरूप तिमीहरूले **उहाँलाई झन् राम्ररी चिन्नसक** । १८म यो
प्रार्थना पनि गर्दछु कि तिमीहरूको **हृदयको आँखा खोलियोस् अनि कुन आशामा**
**उहाँले तिमीहरूलाई बोलाउनुभयो र सन्तहरूमा उहाँको महिमित अधिकारको**
**सम्पत्ति के हो, सो तिमीहरू जान्न सक** । १९अनि उहाँमा विश्वास गर्ने
हामीहरूको निम्ति उहाँको अतुलनीय महान् शक्ति के हो, सो तिमीहरू जान्न
सक । त्यो शक्ति उहाँको महान् सामर्थ्यको कार्यअनुसार हो, २०जुन उहाँले
ख्रीष्टमा पूरा गर्नुभयो, जब उहाँले ख्रीष्टलाई मृतकबाट पुनर्जीवित पारेर स्वर्गका
थानहरूमा आफ्नै दाहिने हाततिर बसाल्नुभयो । २१अनि सबै शासन र अधिकार,
शक्ति र राज्य, यस युगमा मात्र होइन तर आउँदो युगमा पनि, सबै नाउँभन्दा
माथि उहाँलाई राख्नुभयो ।